अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय कार्ययोजना
(आ.व. २०७७/७८-२०८६/८७)
(मस्यौदा)

नेपाल सरकार
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं

परिच्छेद-१
राष्ट्रिय कार्ययोजनाको परिचय

१. पृष्ठभूमि

२०७२ सालमा जारी भएको नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित, आर्थिक समानता, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने संकल्प लिएको छ । संविधानको धारा १८ मा समानताको हक अन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वन्चित गरिने छैन।सामान्य कानूनको प्रयोगमा अपाङ्गताको आधारमा भेदभाव गरिने छैन र अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ। संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षाको हकको व्यवस्था गरेको छ ।त्यस्तै गरी धारा ३९ मा अपाङ्गता भएका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था रहेको र धारा ४२ मा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको व्यवस्थाको साथै अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हकको व्यवस्था गरेको छ । नेपाल पक्ष भएको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि महासन्धी २००६ लाई २००९ मा अनुमोदन गरेको, एशिया तथा प्रशान्त क्षेत्रको इन्चोन रणनीति (२०१५-२०२२) कार्यान्वयनमा रहेको र विश्व अपाङ्गता सम्मेलनमा नेपालले सहभागिता जनाएको र प्रोटोकलमा अनुमोदन गरिसकेकाले नेपालको अपाङ्गता क्षेत्रप्रति अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत रहेको छ ।

अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तिकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्वी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा

रहेको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवनयापनका लागि आर्थिक एवम् सामाजिक सशक्तिकरण गर्ने उद्देश्य सहित पन्ध्रौं आवधिक योजना र दिगो विकासका लक्ष्यले अपाङ्गतामैत्री विद्यालय लगायतका सार्वजनिक स्थलमा सुरक्षित, समावेशी र सर्वसुलभ पहुँचको विषय समावेश गरी कार्यान्वयनमा रहेको अवस्था छ ।

अपाङ्गता भएका व्यक्तिलाई शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा दश प्रकारका अपाङ्गता वर्गीकरण गरिएको छ । परिचय पत्र प्रदानको लागि अशक्तताको आधारमा चार प्रकारमा वर्गीकरण गरी पूर्ण अशक्त र अति अशक्त अपाङ्गतालाई सामाजिक सुरक्षा भत्ता राज्यबाट उपलब्ध हुदै आएको छ । अपाङ्गता भएका व्यक्तिलाई आरक्षणको व्यवस्था गरिएको, क्षमता विकास कार्यक्रम र सहायक समाग्री वितरण लगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ ।

अपाङ्गताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकासका लक्ष्य प्राप्त गर्न, सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाउँन, राज्यका तीनवटै तहमा अपाङ्गतामैत्री शासन प्रणालीलाई संस्थागत गरी न्यायपूर्ण समाज बनाउनको लागि तीन तहका सरकारको स्पष्ट भूमिका सहितको एक राष्ट्रिय कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले यो कार्य योजना (२०७७।७८-२०८६।८७) तयार गरिएको छ ।

२. संवैधानिक एवम् कानूनी व्यवस्थाः

(क) संवैधानिक व्यवस्थाः

नेपालको संविधानको धारा १८ समानताको हकमा सामान्य कानूनको प्रयोगमा अपाङ्गताको आधारमा भेदभाव गरिने छैन । धारा ३१ शिक्षा सम्बन्धी हकमा अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षाको व्यवस्था, धारा ३९ बालबालिकाको हकमा अपाङ्गता भएका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने व्यवस्था, धारा ४२ सामाजिक न्यायको हकमा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको व्यवस्थाको साथै अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने व्यवस्था रहेको छ । त्यसैगरी धारा ५१ को खण्ड (ज) को नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको बुदा नं. १४ मा यातायात सुविधामा नागरिकहरुको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिदै सार्वजनिक

यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने राज्यको नीति रहेको छ ।

(ख) कानूनी व्यवस्था

अपाङ्गता भएका व्यक्तिको विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण, नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्माजनक जीवनयापनको बातावरण सुनिश्चित गर्न केही कानूनहरु कार्यान्वयनमा रहेका छन् । यस क्षेत्रका केही महत्त्वपूर्ण राष्ट्रिय कानूनहरू देहाय बमोजिम रहेका छन् ।

१. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४
२. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि नियमावली, २०७७
३. अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९,
४. अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा दिइने छुट वा सहुलियत सम्वन्धि कार्यविधि, २०६३,
५. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५
६. राष्ट्रिय शिक्षा नीति २०७६
७. राष्ट्रिय स्वास्थ्य नीति २०७६

(ग) अन्तराष्ट्रिय कानूनी व्यवस्थाः

अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण एवम् सशक्तिकरण र विकासका लागि नेपाल सरकारले अन्तराष्ट्रिय महासन्धीहरुको अनुमोदन र प्रोटोकलमा हस्ताक्षर गरी कार्यान्वयनमा ल्याएको छ । यस क्षेत्रका केही महत्त्वपूर्ण अन्तराष्ट्रिय कानूनहरू देहाय बमोजिम रहेका छन् ।

१. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि महासन्धी (Convention on the Rights of Persons with Disabilities (CRPD)
२. एशिया तथा प्रशान्त क्षेत्रको इन्चोन रणनीति (२०१५ देखि २०२२)
३. विश्व अपाङ्गता सम्मेलन (२०१८)

पन्ध्रौं आवधिक योजना र दिगो विकासका लक्ष्यले अपाङ्गतामैत्री विद्यालय लगायतका सार्वजनिक स्थलमा सुरक्षित, समावेशी र सर्वसुलभ पहुँचको विषय समावेश गरी सामाजिक आर्थिक सशक्तिकरण गर्दै सम्मानपूर्वक जीवनयापनको वातावरण सिजृना गर्ने व्यवस्था अङ्गीकार गरेको छ ।

३. <u>विद्यमान अवस्था</u>

मन्त्रालयले विगतका वर्ष देखि नै अपाङ्गता भएका व्यक्तिको हक अधिकार सुनिश्चत गर्न र उनीहरुको मर्यादित, स्वावलम्वी र आत्मनिर्भर जीवनयापनको लागि दश वर्षे कार्य योजना (२०६३ ।२०७३) कार्यान्वयनमा आई विभिन्न कार्यक्रम सञ्चालन भएका छन् । अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक विकासका लागि भएका नीतिगत, कानूनी व्यवस्था र सञ्चालित कार्यक्रमले अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, सहभागिता र विद्यमान स्रोत साधनमा पहुँच आदिमा वृद्धि हुँदै गएको छ । साथै जीविकोपार्जन, उद्यमशीलता र रोजगारीमा समेत सहभागिता वृद्धि भएको अवस्था छ ।

अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या कुल जनसङ्ख्याको १.९४ प्रतिशत रहेको छ । २०६८ सालको जनगणना अनुसार अपाङ्गता भएका व्यक्ति ५,१३,३२१ मध्ये सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अपाङ्गता भएका व्यक्ति १,५३,८६५ रहेका छन् । राज्यका विभिन्न संरचना तथा निकायमा अपाङ्गता भएका व्यक्तिको सहभागिता र प्रतिनिधित्वमा सुधार हुँदै आएको छ । राजनीतिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको सहभागिताको अवस्था प्रतिनिधि सभामा एक जना र राष्ट्रिय सभामा चार जना रहेको छ।त्यसैगरी निजामती सेवा लगायत विभिन्न सरकारी तथा सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिका लागि ५% आरक्षणको व्यवस्था गरिएको छ । निजामती सेवामा अपाङ्गता भएका व्यक्तिको सहभागिता २०६४/०६५ देखि २०७६/०७७ सम्म ९९६ जना रहेको छ।

अपाङ्गता भएका व्यक्तिको हक अधिकार, सशक्तिकरण र विकासका लागि तीन तहका सरकारका प्रतिवद्धता एवं संघसंस्था समेतको रायलाई समेटी यो कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ ।अतः कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्न तीन तहको सरकारको काम कारवाहीलाई स्पष्ट गरी कार्यक्रम गर्ने समेतको कार्यको लागि कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ ।

४. <u>कार्ययोजना तर्जुमा गर्दा अपनाईएका विधि र प्रक्रिया र सिमाः</u>

राज्यका सवै क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको पहुँच स्थापित गरी सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक सशक्तिकरणद्धारा सम्मानपूर्वक जीवनयापनको बातावरण सिर्जना गर्नका

लागि तीन तहको सरकारको साझेदारी, समन्वय र सहकार्यमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्ने उद्देश्यका साथ आ. व. २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रममा व्यवस्था गरिए अनुसार राष्ट्रिय कार्ययोजना तयार गरी कार्ययोजनाको मस्यौदामा मन्त्रालयहरू, राष्ट्रिय अपाङ्ग महासंघ लगायतका निकायबाट राय सुझाव लिई उक्त निकायबाट प्राप्त राय सुझावलाई समावेश गरी यो कार्ययोजना तयार गरिएको छ ।

५. कार्ययोजनाको आवश्यकता र औचित्यः

दिगो विकासको लक्ष्य प्राप्त गर्न अपाङ्गतामैत्री शासन प्रणालीको विकास गरी न्यायपूर्ण समाजको स्थापना गर्न, नेपालले राष्ट्रिय क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता पूरा गर्न, अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताका आधारमा सहायक सामग्रीहरू उपलब्ध गराउन, परिचयपत्र वितरणलाई पहुँच योग्य बनाउन, निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको सहभागिता वृद्धि गर्न, शिक्षा स्वास्थ्य रोजगारी र सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच बृद्धि गर्न र अपाङ्गता भएका व्यक्तिको सम्मान एवम् अधिकार प्रवर्द्धन गर्ने समेत कार्यको लागि यो राष्ट्रिय कार्ययोजना आवश्यक रहेको छ । विशेष गरी संघ, प्रदेश र स्थानीय तहको स्पष्ट भूमिका यस कार्ययोजनामा उल्लेख गरिएकोछ ।

अपाङ्गता भएका व्यक्तिलाई स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट आर्थिक सशक्तिकरण गर्न, अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण गर्न, अपाङ्गता भएका व्यक्तिलाई आत्मनिर्भर र स्वावलम्वी बनाउन, अपाङ्गता भएका व्यक्तिको बर्गीकरणको आधारमा तथ्याङ्क प्रणाली व्यवस्थित गर्न, अपाङ्गताको वर्गीकरण अनुसारका कार्यक्रम तय गर्न, रोजगारीका अवसर सृजना गर्न र सीप विकास एवम् क्षमता विकासका लागि तालिम प्रदान गरी आर्थिक सशक्तिकरण गर्न यो कार्ययोजनाको औचित्य रहेको छ ।

अपाङ्गताको क्षेत्रमा मुलुकले हासिल गरेका उपलब्धिलाई निरन्तरता दिँदै अपाङ्गतामैत्री शासन प्रणालीलाई स्थानीय तह देखि नै संस्थागत गर्न यस कार्ययोजनाले मार्गनिर्देश गर्नेछ। यस कार्ययोजनाले सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था एवम् सामुदायिक संस्था सबैमा अपाङ्गतामैत्री कार्यक्रम सञ्चालनमा सामान्जस्यता ल्याउन समन्वय गर्नेछ । साथै समृद्ध नेपाल, सुखी नेपालीको साझा राष्ट्रिय आकाङ्क्षा पूरा गर्न समेत यस कार्ययोजनाले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

परिच्छेद-२
राष्ट्रिय कार्ययोजनाको सोच, उद्देश्य र कार्यनीति

१. सोच

अपाङ्गता भएका व्यक्तिको मर्यादित, स्वावलम्वी र आत्मनिर्भर जीवन ।

२. लक्ष्य

अपाङ्गता भएका व्यक्तिको आर्थिक र सामाजिक सशक्तिकरण गरी तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्ने ।

३. उद्देश्य

क. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु ,

ख. अपाङ्गता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले प्रदान गरेका हक अधिकार स्थापित गर्नु,

ग. अपाङ्गता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र हिंसा अन्त्य गर्नु,

घ. सवै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु,

ङ. सवै प्रकारका अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनको लागि पुनर्स्थापना र स्वास्थ्योपचारको व्यवस्था गर्नु,

च. भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्नु ।

छ. कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्नु ।

४. रणनीति

क. अपाङ्गता भएका व्यक्तिको स्रोत साधन माथि समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट आत्मनिर्भर बनाउने ।

ख. निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै अपाङ्गतामैत्री प्रणालीको विकास गर्ने ।

ग. स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तिकरण गर्ने ।

घ. अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले प्रदान गरेका हक अधिकार संरक्षण गर्न कानूनको निर्माण तथा पुनरावलोकन गर्ने ।

ङ. अपाङ्गता भएका व्यक्तिप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास र सवै प्रकारका विभेद अन्त्य गर्ने ।

च. समावेशी शिक्षाको माध्यमबाट अपाङ्गता भएका व्यक्तिलाई सक्षम प्रतिस्पर्धी मर्यादित बनाउने ।

छ. अपाङ्गता भएका व्यक्तिको लागि सवै प्रकारका सुविधा सहितको पुनस्थापना र स्वास्थ्योपचार लगायत सहायक सामग्रीको व्यवस्था गर्ने ।

ज. भौतिक संरचना, यातायात, सूचना तथा सञ्चार र प्रविधि अपाङ्गतामैत्री बनाउने ।

झ. कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्ने ।

५. नीति तथा कार्यनीतिः

रणनीति १: अपाङ्गता भएका व्यक्तिको स्रोत साधन माथि समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन गरी आर्थिक सशक्तिकरणको माध्यमबाट आत्मनिर्भर बनाउने ।

(क) अपाङ्गता भएका व्यक्तिका लागि आय आर्जनका कार्यक्रम गरी आत्मनिर्भर बनाईनेछ ।

(ख) अपाङ्गता भएका व्यक्तिलाई सरकारी सहकारी गैरसरकारी तथा निजि क्षेत्रमा आरक्षणको माध्यमबाट रोजगारीको प्रवन्ध गरिने छ ।

(ग) अपाङ्गता भएका व्यक्तिलाई स्वदेशी पूँजी बजार, व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारी अभिवृद्धि गरिनेछ ।

(घ) अपाङ्गता भएका व्यक्तिद्वारा प्रवर्द्धित उद्योग व्यवसायलाई अनुदान प्रदान गर्ने, सहुलियत व्याज दरमा ऋण प्रदान गर्ने र बीमामा छुट, सुविधा व्यवस्था गरिनेछ ।

(ङ) अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा व्यावसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाइनेछ ।

(च) अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने ।

(छ) सङ्घ, प्रदेश र स्थानीय तहमा स्थापना तथा सञ्चालनमा रहेका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राममा अपाङ्गता भएका व्यक्ति उद्यमीलाई उद्योग व्यवसाय सञ्चालन गर्न स्थान उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

रणनीति २: निरोधात्मक उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै अपाङ्गतामैत्री प्रणालीको विकास गर्ने ।

(क) अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ ।

(ख) अपाङ्गता भएका व्यक्तिलाई सहयोग र सेवा गरौं भन्ने सामाजिक मूल्य र मान्यता स्थापित गरिने छ ।

(ग) कार्यस्थल तथा सार्वजनिक स्थलहरूमा अपाङ्गता भएका व्यक्तिमाथि हुने भेदभाव एवम् दुर्व्यवहारको अन्त्य गरिनेछ ।

(घ) न्याय सम्पादनसँग सम्बन्धित न्यायिक तथा अर्धन्यायिक निकायका पदाधिकारीलाई अपाङ्गताका विषयमा क्षमता अभिवृद्धिका तालिम सञ्चालन गरिनेछ ।

(ङ) सामाजिक सुरक्षा अन्तर्गतका सेवा सुविधाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन, चेतना अभिवृद्धि र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(च) अपाङ्गता भएका महिला, बालबालिका लगायत अपाङ्गता भएका व्यक्तिलाई हेर्ने तीनै तहका निकायलाई थप स्रोत साधन सम्पन्न बनाई कार्यान्वयन गरिनेछ।

(छ) अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षा, संरक्षण तथा पुनर्स्थापना गर्न मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।

(ज) मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई मनोसामाजिक परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ।

(झ) संघ प्रदेश र स्थानिय तहका विषयगत मन्त्रालय र निकायहरूमा अपाङ्गताको क्षेत्र हेर्न अलग्ग डेस्क वा सम्पर्क विन्दुको व्यवस्था गरिनेछ ।

(ञ) अपाङ्गताको प्रकृति, गम्भीरता र आयस्तरलाई मध्यनजर गरी सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकता दिइनेछ ।

(ट) अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यक्तिगत सहयोगी सेवा सामाजिक सुरक्षा कै अङ्गको रूपमा प्रदान गरिनेछ।

(ठ) नियमित सहयोगी सेवा आवश्यक हुने गम्भीर अपाङ्गता भएका व्यक्तिहरूका लागि आर्थिक सहयोगको साथै परिवार सहयोग कार्यक्रम (Family support program) लागू गरिनेछ ।

(ड) जनचेतना अभिवृद्धिका लागि स्थानीय विद्युतीय र छापा माध्यम, सूचना प्रविधि र राष्ट्रिय सञ्चार माध्यमहरूको प्रभावकारी परिचालन गरिनेछ ।

(ढ) विपदका अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताको गम्भीरताको आधारमा उद्धार, राहत, पुनर्लाभ तथा पुनर्स्थापनामा विशेष प्राथमिकता दिइनेछ ।

रणनीति ३: स्वरोजगार रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तिकरण गर्ने ।

(क) उद्यम एवम् सीप विकास तथा उद्योगसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलाप वृद्धि गरिनेछ ।

(ख) स्वरोजगार र उद्यमशीलता सम्बन्धी कार्यक्रममा स्थानीय तहमार्फत् अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गरिनेछ ।

(ग) अपाङ्गता भएका व्यक्तिलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसरमा वृद्धि गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) अपाङ्गता भएका व्यक्ति उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन भण्डारण र गुणस्तर परीक्षणको व्यवस्था मिलाइ एकीकृत बजारीकरणमा जोड दिइनेछ ।

(ङ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने परियोजनामा अपाङ्गता भएका व्यक्तिद्वारा प्रबर्द्धित लगानीलाई विशेष सहुलियतसाथ समावेश गरिनेछ ।

(च) अपाङ्गता भएका महिलाका लागि विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

(छ) व्यावसायिक, सीप विकास, उद्यमशीलता विकास तालिम तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई प्राथमिकता दिइनेछ ।

रणनीति ४: अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले प्रदान गरेका हक अधिकार संरक्षण गर्न कानूनको निर्माण तथा पुनरावलोकन गर्ने ।ख

(क) अपाङ्गता भएका व्यक्तिको सम्वन्धमा विद्यमान कानूनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गरिनेछ ।

(ख) अपाङ्गता भएका व्यक्तिको अन्तराष्ट्रिय सन्धि तथा महासन्धी एवम् इच्छाधिन आलेखमा भएका व्यवस्था कार्यान्वयनमा ल्याउन नयाँ कानून निर्माण तथा विद्यमान कानूनको पुनरावलोकन गरिनेछ ।

(ग) अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको दायरा विस्तार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

(घ) अपाङ्गता सम्बन्धी पहिचानका लागि आवश्यक पूर्व परीक्षण प्रणालीको विकास गरिनेछ ।

(ङ) अपाङ्गता भएका व्यक्तिकालागि सार्वजनिक सेवा प्रदान गर्न एकीकृत प्रणालीको विकास गरिनेछ ।

(च) विशेष कानूनी प्रावधानहरू निर्माण गरेर समुदाय र अभिभावकहरू समेतको सहयोगमा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच स्थापित गरिनेछ ।

(छ) महिला अधिकार र सशक्तिकरण सँग सम्बन्धित नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाका विषयहरूलाई प्राथमिकता दिइनेछ ।

रणनीति ५: अपाङ्गता भएका व्यक्तिप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास र सवै प्रकारका विभेद अन्त्य गर्ने ।

(क) अपाङ्गता भएका व्यक्तिप्रति गरिने अन्धविश्वास, विभेद र हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) सबै प्रकारका अन्धविश्वास र हिंसा विरुद्ध समुदाय, नागरिक समाज, गैरसरकारी संस्था तथा निगरानी समूह समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाईनेछ ।

(ग) सबै प्रकारका हिंसा निवारण कार्यमा सामाजिक सङ्घ संस्था, नागरिक समाज तथा गैरसरकारी संस्थालाई सक्रिय रूपमा परिचालन गरिनेछ ।

(घ) स्थानीय तहको सक्रियतामा अपाङ्गता सम्बन्धी कानूनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाईनेछ ।

(ङ) अपाङ्गता भएका व्यक्ति प्रति रहेको सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) अपाङ्गता भएका महिलाहरू माथि हुने विभेद र हिंसा अन्त्यका लागि विशेष सरंक्षण प्रदान गरिनेछ ।

रणनीति ६: समावेशी शिक्षाको माध्यमबाट अपाङ्गता भएका व्यक्तिलाई सक्षम प्रतिस्पर्धी मर्यादित बनाउने ।

(क) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क उच्च शिक्षा सहित ब्रेललिपि र सांकेतिक भाषाका माध्यमबाट निःशुल्क शिक्षाको पहुँच स्थापना गरिनेछ ।

(ख) शिक्षा, तालिम, रोजगारीका माध्यमबाट अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण गरिने।

(ग) अपाङ्गता भएका महिलाहरूलाई लक्षित गरी सशक्तिकरण, आर्थिक उपार्जन र अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(घ) विशेष कानूनी प्रावधानहरू निर्माण गरेर समुदाय र अभिभावकहरू समेतको सहयोगमा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच स्थापित गरिनेछ ।

(ङ) अपाङ्गता भएका व्यक्तिको व्यावसायिक र गुणस्तरिय उच्चशिक्षामा समान पहुँच स्थापित गर्न आवश्यक कानूनी र प्रणालीगत व्यवस्था गरी अपाङ्गतामैत्री शिक्षण सिकाइको वातावरण तयार गरिनेछ ।

(च) अपाङ्गता भएका बालबालिका तथा युवालाई गुणस्तरिय शिक्षामा पहुँच पुर्‍याउन शिक्षकहरूको क्षमता विकास, विद्यालय, कलेज र विश्वविद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण लगायत पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन तथा परीक्षा प्रणाली एवम् शैक्षिक सामग्रीहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त बनाइनेछ ।

(छ) अपाङ्गता भएका बालबालिकाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ प्रक्रिया र विद्यालय वातावरण सहज र मैत्रीपूर्ण बनाइनेछ ।

(ज) अपाङ्गता भएका बालबालिकालाई प्रारम्भिक बाल-विकास केन्द्र लगायत विद्यालयसम्मको पहुँच स्थापित गर्न र उनीहरू प्रति सकारात्मक सोच विकास गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(झ) समावेशी शिक्षा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई समान रूपमा शिक्षा दिन सक्ने गरी शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न अभिमुखीकरण, तालिम र अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

(ञ) अपाङ्गता भएका युवाहरूको मानवीय सीप, व्यावसायिक दक्षता र रोजगारीमूलक सीप विकास गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(ट) अपाङ्गता भएका व्यक्तिहरूका लागि खेलकूद सम्बन्धी योजना निर्माण, विशेष खेलकुदको विकास र प्रवर्द्धन गर्न सरोकारवाला निकायहरूसँगको समन्वय, सहकार्य र सहयोग अभिवृद्धि गरिनेछ ।

रणनीति ७: अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारका सुविधा सहितको पुनस्थापना र स्वास्थ्योपचार लगायत सहायक सामग्रीको व्यवस्था गर्ने ।

(क) सार्वजनिक निजी साझेदारीमा विशेष प्रकारको अपाङ्गताको लागि पुनस्थापना सेवा एवम् स्वास्थ्यपचारको व्यवस्था गरिनेछ।

(ख) अपाङ्गता भएका महिलाहरूका लागि सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य लगायत महिला स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम एवं विद्यमान स्वास्थ्य सेवाहरूलाई पहुँचयुक्त बनाइनेछ ।

(ग) पूर्ण अशक्त, अति अशक्त, अटिज्म डाउन सिन्ड्रोम, बौद्धिक अपाङ्गता भएका तथा नदेखिने अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको सेवा र सुविधा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

(घ) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका लागि सातै प्रदेशमा सबै प्रकारका सुविधा सहितको अपाङ्गता ग्राम स्थापना गरी सञ्चालन गरिनेछ ।

(ङ) अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामाग्रीको उत्पादन र वितरण गर्ने व्यवस्था गरिनेछ ।

(च) स्थानीयस्तरमा रहेका अस्पताल र स्वास्थ्यचौकीहरूमा थेरापी, शारीरिक तथा मानसिक क्रियाशीलतामा अभिवृद्धि गराउन आवश्यक पर्ने पुनर्स्थापना तथा अभ्यस्तता (Rehabilitation & Habilitation) सम्बन्धी सेवाहरू लिन अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा भौतिक संरचना र सेवाहरू पूर्ण रूपमा अपाङ्गतामैत्री बनाइनेछ ।

(छ) बौद्धिक अपाङ्गता, मस्तिष्क पक्षाघात, मनोसामाजिक अपाङ्गता, हेमोफिलिया, अटिज्म, डाउन सिन्ड्रोम र छारेरोगबाट प्रभावित व्यक्तिहरूले निरन्तर सेवन तथा प्रयोग गर्नुपर्ने औषधि तथा उपकरणहरू स्पाइनल कर्ड इन्ज्युरी भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने युरिन ब्याग, क्याथेटर र उनीहरूले निरन्तर सेवन गर्नुपर्ने औषधिहरू उपलब्ध गराइनेछ ।

(ज) अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सबै तहमा अपाङ्गतामैत्री संरचना र सयन्त्रको विकास गरिनेछ ।

(झ) अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्क स्वास्थ्य बिमा तथा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा संलग्न गरिनेछ ।

रणनीति ८: भौतिक संरचना, यातायात, सूचना तथा सञ्चार र प्रविधि अपाङ्गतामैत्री बनाउने ।

(क) अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापन सहज बनाउन सहायक सामग्री उत्पादनको व्यवस्था मिलाई आवागमनलाई सरल र व्यवस्थित गरिनेछ।

(ख) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सेवा सुविधा अपाङ्गतामैत्री बनाई दैनिक क्रियाकलाप गर्न सरल हुने बातावरण निर्माण गरिनेछ ।

(ग) आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक संरचनाहरु र सार्वजनिक सडक यातायात अपाङ्गता भएका व्यक्ति लगायत सबैको लागि पहुँचयुक्त बनाइनेछ ।

(घ) सार्वजनिक भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधन अपाङ्गतामैत्री बनाइनेछ ।

(ङ) विद्यालय र विश्वविद्यालय लगायतका सरकारी भवन लगायतलाई पहुँचयुक्त बनाइनेछ ।

(च) आमसञ्चार सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था गरिनेछ ।

(छ) भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार प्रविधिमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गरिनेछ ।

(ज) नेपाली साङ्केतिक भाषाको साझा शब्दकोष तयार गरी सार्वजनिक टेलिभिजनबाट प्रसारण हुने सूचनाहरूलाई सकेसम्म साङ्केतिक भाषामा प्रसारण गर्न एवं सबटाइटल र क्याप्सन प्रयोगको व्यवस्था मिलाइनेछ।

(झ) सडक वा किनारमा राखिने सार्वजनिक सरोकारका भौतिक सामग्री (टेलिफोन बुथ, आराम गर्ने ठाउँ, सडकमा लगाइने बिरुवा, सडक पेटीमा लगाइने रेलिङ, सवारी प्रतीक्षालय, बिजुली तथा टेलिफोनका पोल, तार, सूचनापाटी आदि) निश्चित मापदण्ड बनाई अपाङ्गतामैत्री ढङ्गबाट निर्माण तथा सञ्चालन गरिनेछ ।

(ञ) सार्वजनिक सेवासँग सम्बन्धित सूचना तथा सञ्चारलाई अपाङ्गतामैत्री बनाइनेछ ।

(ट) स्थानीय तहसम्म साङ्केतिक भाषाको तालिम प्रदान गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ

(ठ) शौचालय, चमेनागृह, पुस्तकालय, पार्किङ, बैठक कक्ष, सम्मेलन कक्ष लगायतका सार्वजनिक कार्यस्थलसँग सम्बन्धित सुविधाहरूलाई अपाङ्गतामैत्री बनाइनेछ ।

(ड) धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय, खेलकुद र मनोरञ्जनका संरचना तथा विश्राम स्थलहरूलाई पहुँचयुक्त बनाइनेछ ।

रणनीति ९: कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्ने ।

(क) सङ्घ, प्रदेश तथा स्थानीय तहमा अपाङ्गतामैत्री नीति, योजना तथा कानून निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

(ख) सङ्घ, प्रदेश र स्थानीय तहमा अपाङ्गतामैत्री नीति कार्यान्वयन गर्न सम्बन्धित शासकीय तहको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) सङ्घ, प्रदेश तथा स्थानीय तहमा कानून निर्माण तथा कार्यान्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई अभिमुखीकरण गरिनेछ ।

(घ) सबै विषय क्षेत्रगत सार्वजनिक नीतिमा अपाङ्गता भएका व्यक्तिका विषयलाई समावेश गरी कार्यान्वयनमा ल्याईनेछ ।

(ङ) सार्वजनिक निकायमा रहेका अपाङ्गता सम्पर्क व्यक्तिको भूमिकालाई क्षेत्रगत नीति निर्माण तथा नीति कार्यान्वयनको अनुगमनमा प्रभावकारी बनाउन प्रशिक्षित गरिनेछ।

(च) राष्ट्रिय गणना तथा सर्वेक्षणमा गरिने खण्डीकृत अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलन र विश्लेषणलाई आवधिक योजना र दिगो विकासका लक्ष्यको प्रगति विश्लेषण समेत गर्न सकिने गरी तथ्यमा आधारित बनाइनेछ ।

(छ) अपाङ्गतामैत्री सूचना व्यवस्थापन प्रणालीको विकास गरी सङ्घ, प्रदेश तथा स्थानीय तहसम्म विस्तार गरिनेछ। यस्तो प्रणालीलाई अनलाईन रूपमा विकास गरी अद्यावधिक गर्ने र सबै सरोकारवालाको अपाङ्गतामैत्री सूचनामा सहज पहुँचको व्यवस्था मिलाइनेछ ।

(ज) सार्वजनिक क्षेत्रमा हुने नियुक्तिमा अपाङ्गता भएका व्यक्तिको समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन गरिनेछ ।

(झ) सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्ने र निजी क्षेत्रका सेवा प्रवाहलाई अपाङ्गतामैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

(ञ) बहुविभेदमा परेका अपाङ्गता भएका सीमान्तकृत, अल्पसङ्ख्यक वर्ग र अपाङ्गता भएका महिलालाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ ।

(ट) संघिय, प्रादेशिक र स्थानीय सरकार तथा गैर सरकारी सरोकारवालाहरू बीच प्रभावकारी सहकार्य स्थापितगरिनेछ ।

परिच्छेद-३

कार्ययोजनाको ढाँचा र समेटिएका विषय

(क) **उद्देश्य १ सँग सम्बन्धितः** अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु ।

क्र.सं.	रणनीति	रणनीतिका क्रियाकलाप	जिम्मेवार निकाय			सहयोगी निकाय	समय सीमा	अपेक्षित उपलब्धि
			संघ	प्रदेश	स्थानीय			
१	अपाङ्गता भएका व्यक्तिको स्रोत साधन माथि समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन गरी आर्थिक सशक्तिकरणको माध्यमबाट आत्मनिर्भर बनाउने ।	१. अपाङ्गता भएका व्यक्तिका लागि आय आर्जन गर्ने कार्यक्रम सञ्चालन गर्ने ।	- महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	- सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - युवा तथा खेलकुद मन्त्रालय ।	निरन्तर	- अपाङ्गता भएका व्यक्तिको जीवनस्तरमा सुधार आएको हुने, - आर्थिक क्रियाकलापमा वृद्धि हुने।
		२. अपाङ्गता भएका व्यक्तिलाई स्वदेशी पूँजी बजार, व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारी अभिवृद्धि गरिनेछ ।	- महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -	--सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- सामाजिक विकास मन्त्रालय - आर्थिक मामिला तथा योजना मन्त्रालय - विभिन्न संघ संस्थाहरु	निरन्तर	- आर्थिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिहुने । - रोजगारीका अवसरहरुको सिजृना हुने। ।

क्र.सं.	उद्देश्य	क्रियाकलाप	जिम्मेवार निकाय			सहयोगी निकाय	समय सीमा	कार्यसम्पादन सूचक
			संघ	प्रदेश	स्थानीय			
		३. अपाङ्गता भएका व्यक्तिद्वारा प्रवर्द्धित उद्योग व्यवसाय दर्ता, ऋण र बीमामा छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ ।	- महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - अर्थ मन्त्रालय - उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय	- सामाजिक विकास मन्त्रालय - आर्थिक मामिला तथा योजना मन्त्रालय	- स्थानीय तह	- विकास साझेदार, गैर सरकारी संघसंस्था, - वित्तीय संघ संस्था - सार्वजनिक निकाय, - नीजि क्षेत्र	- निरन्तर	- उद्योग व्यवसाय सञ्चालनमा वृद्धि हुने। -
		४. अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा व्यावसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाइनेछ ।	- संघका सबै मन्त्रालय तथा सरकारी निकाय	- प्रदेशका सबै मन्त्रालय	स्थानीय तह	-	निरन्तर	- जोखिम न्यूनिकरण गर्न सूचना प्रवाह सहज भएको हुने ।
		५. अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैङ्क तथा	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - अर्थ मन्त्रालय	- सामाजिक विकास मन्त्रालय - आर्थिक मामिला तथा योजना मन्त्रालय	स्थानीय तह	- अर्थ मन्त्रालय - गैर सरकारी संघसंस्था, - व्यापारिक वा औद्योगिक प्रतिष्ठान, - बैङ्क तथा	निरन्तर	- सहुलियत व्याजदरमा ऋण उपलब्ध भएको हुने । - रोजगारीका अवसरमा पहुँच पुगेको हुने।

		वित्तीय संस्थाबाट सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।				वित्तीय संघ संस्था ।		
		६. सङ्घ, प्रदेश र स्थानीय तहमा स्थापना तथा सञ्चालनमा रहेका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राममा अपाङ्गता भएका व्यक्ति उद्यमीलाई उद्योग व्यवसाय सञ्चालन गर्न स्थान उपलब्ध गराउने व्यवस्था गरिनेछ।	- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय	- उद्योग वन पर्यटन मन्त्रालय	स्थानीय तह	- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - प्रदेश सामाजिक विकास मन्त्रालय -	निरन्तर	- अपाङ्गता भएका व्यक्ति उद्यमीको संख्यामा वृद्धि भएको हुने । - औद्योगिक ग्राम एवम आर्थिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको पहुँच पुगेको हुने।
२	**निरोधात्मक उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा**	१. अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ ।	- महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - गृह मन्त्रालय - सूचना, सञ्चार तथा प्रविधि मन्त्रालय	- प्रदेश सामाजिक विकास मन्त्रालय - आन्तरिक मामिला तथा कानून मन्त्रालय	स्थानीय तह	- जिल्लास्थित सरकारी निकाय - गैर सरकारी संघ संस्था - नागरिक समाज	निरन्तर	- अपाङ्गता भएका व्यक्ति माथि हुने हिँसामा न्यूनिकरण भएको हुने । -

	परिवर्तन गर्दै अपाङ्गतामैत्री प्रणालीको विकास गर्ने							
		२. कार्यस्थल तथा सार्वजनिक स्थलहरूमा अपाङ्गता भएका व्यक्तिमाथि हुने भेदभाव एवम् दुर्व्यवहारको अन्त्य गरिनेछ ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	- प्रदेश सामाजिक विकास मन्त्रालय - आन्तरिक मामिला तथा कानून मन्त्रालय	स्थानिय तह	- सरोकारवाला निकाय, - पत्रकार महासंघ - गैर सरकारी संस्था - नागरिक समाज	निरन्तर	- अपाङ्गता भएका व्यक्तिमाथि हुने भेदभाव र दुर्व्यवहार कम भएको हुने।
		३. न्याय सम्पादनसँग सम्बन्धित न्यायिक तथा अर्धन्यायिक निकायका पदाधिकारीलाई अपाङ्गताका विषयमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने।	- कानून न्याय तथा संसदीय मामिला मन्त्रालय - गृह मन्त्रालय	- आन्तरिक मामिला तथ कानून मन्त्रालय	स्थानीय तह	- न्यायिक तथा परामर्श तालिम केन्द्र - न्यायिक निकायहरु - अर्धन्यायिक निकायहरु	निरन्तर	- अपाङ्गतामैत्रीको विषयमा क्षमता अभिवृद्धि तालिम सञ्चालन भै क्षमता विकास भएको हुने ।
		४. सामाजिक सुरक्षा अन्तर्गतका सेवा सुविधाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन, चेतना अभिवृद्धि र अभिमुखीकरण	- गृह मन्त्रालय - महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	-	स्थानीय तह	- पञ्जिकरण विभाग - नागरिक समाज - सरोकारवाला संघ संस्था	निरन्तर	- अनुगमन प्रभावकारी भएको हुने। - चेतनामा वृद्धि आउने । - अभिमुखीकरण कार्यक्रम

		कार्यक्रमहरू सञ्चालन गर्ने।						संचालन भएको हुने ।
		५. अपाङ्गता भएका महिला, बालबालिका लगायत अपाङ्गता भएका व्यक्तिलाई हेर्ने तीनै तहका निकायलाई थप स्रोत साधन सम्पन्न बनाई कार्यान्वयन गरिनेछ।	- अर्थ मन्त्रालय	- आर्थिक मामिला तथ योजना मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय		- सरोकारवाला निकायहरु स्रोत साधन सम्पन्न भई कार्यान्वयनमा आउनेछन् ।
		६. अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षा, संरक्षण तथा पुनर्स्थापना गर्न मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	- सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघ संस्था		- मापदण्ड निर्माण हने । - अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन भएको हुने ।
		७. मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई मनोसामाजिक	-	-	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	निरन्तर	- मनोसामाजिक परामर्शर विमर्श कानूनी स्वास्थ्य सेवा निःशुल्क

		परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ ।				- राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघ संस्था		उपलब्ध हुने - अपाङ्गता भएका व्यक्ति परिवार र समुदायमा पुनर्मिलन हुने । - जीवन निर्वाहका लागि सवल हुने ।
		८. संघ प्रदेश र स्थानिय तहका विषयगत मन्त्रालय र निकायहरूमा अपाङ्गताको क्षेत्र हेर्न अलग्ग डेस्क वा सम्पर्क विन्दुको व्यवस्था गरिनेछ	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	- सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - प्रदेश अपाङ्ग महासंघ - सरोकारवाला निकाय	निरन्तर	- अपाङ्गता क्षेत्र हेर्ने अलग्ग डेस्क वा सम्पर्क विन्दुको व्यवस्था हने ।
		९. अपाङ्गताको प्रकृति, गम्भीरता र आयस्तरलाई मध्यनजर गरी सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिइनेछ।	- गृह मन्त्रालय	-		- पञ्जिकरण विभाग - महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	निरन्तर	- सामाजिक सुरक्षा कार्यक्रमले प्राथमिकता पाएको हुने ।
		१०. अपाङ्गता भएका	- महिला	-	स्थानिय तह	- सामाजिका	निरन्तर	- अपाङ्गता भएका

		व्यक्तिहरूका लागि व्यक्तिगत सहयोगी सेवा सामाजिक सुरक्षाकै अङ्गको रूपमा प्रदान गरिनेछ	बालबालिका तथा ज्येष्ठ नागरिका मन्त्रालय			विकास मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघ संस्था		व्यक्तिलाई व्यक्तिगत सहयोगि सेवा निरन्तर प्राप्त हुने।
		११. नियमित सहयोगी सेवा आवश्यक हुने गम्भीर अपाङ्गता भएका बालबालिकाहरूका लागि आर्थिक सहयोगका साथै परिवार सहयोग कार्यक्रम (Family support program) लागू गरिनेछ	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	- सामाजिका विकास मन्त्रालय	स्थानिय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघ संस्था	निरन्तर	- परिवार सहयोग कार्यक्रम (Family support program) लागू हुने ।
		१२. अपाङ्गता भएका व्यक्तिको हक अधिकारको सम्वन्धी विषयमा स्थानीय विद्युतीय र छापा माध्यम, सूचना प्रविधि र राष्ट्रिय सञ्चार माध्यम प्रभावकारी रुपमा	- सूचना, सञ्चार तथा प्रविधि मन्त्रालय - महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	- आन्तरिक मामिला तथा कानून मन्त्रालय	स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - राष्ट्रिय सञ्चार समिति - स्थानिय तहका सञ्चार माध्यमहरु	निरन्तर	- हक अधिकार सम्वन्धी विषयमा सञ्चार माध्यम परिचालन भएको हुने ।

		परिचालन गरिनेछ।						
		१३. विपदका अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताको गम्भीरताको आधारमा उद्धार, राहत, पुनर्लाभ तथा पुनर्स्थापनामा विशेष प्राथमिकता दिइनेछ।	- गृह मन्त्रालय	- आन्तरिक मामिला तथा कानून मन्त्रालय	स्थानीय तह	- राष्ट्रिय प्राकृतिक विपद व्यवस्थापन प्राधिकरण - राष्ट्रिय अपाङ्ग महासंघ	निरन्तर	- अपाङ्गताको गम्भीरताको आधारमा उद्धार, राहत, पुनर्लाभ तथा पुनर्स्थापना सेवा प्राप्त भएको हुने ।
३	**स्वरोजगार रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तिकरण गर्ने**	१. उद्यम एवम् सीप विकास तथा उद्योगसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलाप वृद्धि गरिनेछ ।	- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय	- उद्योग वन पर्यटन मन्त्रालय	- स्थानीय तह	- विकास साझेदार, - गैर सरकारी संघसंस्था, - नागरिक समाज, - सार्वजनिक निकाय, - नीजि क्षेत्र	निरन्तर	- उद्योगसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन हुने। - अपाङ्गता भएका व्यक्तिको जिविकोपार्जनमा सुधार आउने ।
		२. स्वरोजगार र उद्यमशीलता सम्बन्धी कार्यक्रममा स्थानीय तहमार्फत् अपाङ्गता भएका व्यक्तिको	-	-	- स्थानीय तह	- विकास साझेदार, - गैर सरकारी संघसंस्था, - नागरिक समाज,	निरन्तर	- अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ अभिवृद्धि

		आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गरिनेछ ।				- सार्वजनिक निकाय, - नीजि क्षेत्र		भएको हुने ।
		३. अपाङ्गता भएका व्यक्तिलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसरमा वृद्धि गरिनेछ ।	-लोक सेवा आयोग	-प्रदेश लोक सेवा आयोग	- स्थानीय तह	-महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ गैर सरकारी संघ संस्था निजी क्षेत्र वैंक तथा वित्तिय क्षेत्र	निरन्तर	- रोजगारीका अवसर वृद्धि हुने ।
		४. अपाङ्गता भएका व्यक्ति उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन भण्डारण र गुणस्तर परीक्षणको व्यवस्था मिलाइ एकीकृत बजारीकरणमा जोड दिइनेछ ।			स्थानीय तह	- स्थानीय तहका सवै सार्वजनिक सेवा प्रदायक सरकारी तथा गैर सरकारी संघसंस्थाहरू।	निरन्तर	- एक स्थानीय तह, एक बिक्री केन्द्र' को व्यवस्था भई बजारीकरण भएको हुने ।
		५. सार्वजनिक निजी	- अर्थ मन्त्रालय,	- आर्थिक मामिला तथा योजना	स्थानीय तह	महिला, बालबालिका तथा	निरन्तर	- अपाङ्गता भएका

		साझेदारीमा सञ्चालन गरिने परियोजनामा अपाङ्गता भएका व्यक्तिद्वारा प्रबर्द्धित लगानीलाई विशेष सहुलियत साथ समावेश गरिनेछ		मन्त्रालय		ज्येष्ठ नागरिक मन्त्रालय उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय		व्यक्तिद्वारा प्रबर्द्धित लगानीलाई विशेष सहुलियत प्राप्त भएको हुने।
		६. अपाङ्गता भएका महिलाका लागि विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।		प्रदेशका सामाजिक विकास मन्त्रालय	स्थानीय तह	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय गैर सरकारी संघ संस्था	निरन्तर	- विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन भएको हुने ।
		७. व्यावसायिक, सीप विकास, उद्यमशीलता विकास तालिम तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई प्राथमिकता दिइनेछ ।	संघका सबै मन्त्रालय तथा सरकारी निकाय	प्रदेशका सबै मन्त्रालय	स्थानीय तह	सबै सरोकारवाला निकाय नागरिक समाज गैरसरकारी संस्था	निरन्तर	- अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा वृद्धि हुने ।

(ख)उद्देश्य २ सँग सम्बन्धितः अपाङ्गता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले प्रदान गरेका हक अधिकार स्थापित गर्नु

क्र.सं.	रणनीति	रणनीतिका क्रियाकलाप	जिम्मेवार निकाय			सहयोगी निकाय	समय सीमा	कार्यसम्पादन सूचक
			संघ	प्रदेश	स्थानीय			
१.	अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले प्रदान गरेका हक अधिकार संरक्षण गर्न कानूनको निर्माण तथा पुनरावलोकन गर्ने ।	१. अपाङ्गता भएका व्यक्तिको सम्वन्धमा विद्यमान कानूनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गरिनेछ ।	- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- संघका सबै मन्त्रालय तथा सरकारी निकाय राष्ट्रिय अपाङ्ग महासंघ -गैर सरकारी संघसंस्था	निरन्तर	- विद्यमान कानूनमा भएका व्यवस्थाहरु कार्यान्वयन भएको हुने।
		२. अपाङ्गता भएका व्यक्तिको अन्तराष्ट्रिय सन्धि तथा महासन्धी एवम् इच्छाधिन आलेखमा भएका व्यवस्था कार्यान्वयनमा ल्याउन नयाँ कानून निर्माण तथा विद्यमान कानूनको पुनरावलोकन	- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	-संघका सबै मन्त्रालय तथा सरकारी निकाय राष्ट्रिय अपाङ्ग महासंघ -गैर सरकारी संघसंस्था	२०७९ भित्र	- अन्तराष्ट्रिय सन्धि तथा महासन्धी एवम् इच्छाधिन आलेखमा भएका व्यवस्था कार्यान्वयन हुने ।

		गरिनेछ।						
		३. अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको दायरा विस्तार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।	- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल - गृह मन्त्रालय	-	-स्थानीय तह	- अर्थ मन्त्रालय - पञ्जिकरण विभाग	निरन्तर	- सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएको हुने।
		४. अपाङ्गता सम्बन्धी पहिचानका लागि आवश्यक पूर्व परीक्षण प्रणालीको विकास गरिनेछ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	सामाजिक विकास मन्त्रालय ।	स्थानीय तह	-राष्ट्रिय अपाङ्ग महासंघ -अन्य सरकारी निकाय	निरन्तर	- पूर्व परीक्षण प्रणालीको विकास भएको हुने ।
		५. अपाङ्गता भएका व्यक्तिकालागि सार्वजनिक सेवा प्रदान गर्न एकीकृत प्रणालीको विकास गरिनेछ ।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	सामाजिक विकास मन्त्रालय ।	स्थानीय तह	-राष्ट्रिय अपाङ्ग महासंघ -अन्य सरकारी निकाय	निरन्तर	- सार्वजनिक सेवा प्रदान गर्न एकीकृत प्रणालीको विकास हुने ।
		६. विशेष कानूनी	- शिक्षा तथा	सामाजिक विकास मन्त्रालय ।	स्थानीय तह	- महिला,	निरन्तर	- अपाङ्गता भएका

		प्रावधानहरू निर्माण गरेर समुदाय र अभिभावकहरू समेतको सहयोगमा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच स्थापित गरिनेछ ।	विज्ञान प्रविधि मन्त्रालय			बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - नागरिक समाज		बालबालिकाको विद्यालयमा पहुँच हुने ।
		७. महिला अधिकार र सशक्तिकरण सँग सम्बन्धित नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाका विषयहरूलाई प्राथमिकता दिइनेछ	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	-सामाजिक विकास मन्त्रालय ।	-स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - अपाङ्गता भएका महिलाहरुको महासंघ - नागरिक समाज -	निरन्तर	- महिला अधिकार र सशक्तिकरण सँग सम्बन्धित नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाका विषयहरू संवोधन भएको हुने।

(ग) उद्देश्य ३ सँग सम्बन्धितः अपाङ्गता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र हिंसा अन्त्य गर्नु

क्र.सं	रणनीति	रणनीतिका क्रियाकलाप	जिम्मेवार निकाय			सहयोगी निकाय	समय सीमा	कार्यसम्पादन सूचक
			संघ	प्रदेश	स्थानीय			
१.	अपाङ्गता भएका व्यक्तिप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास र सबै प्रकारका विभेद अन्त्य गर्ने ।	१. अपाङ्गता भएका व्यक्तिप्रति गरिने अन्धविश्वास, विभेद र हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - गृह मन्त्रालय - सूचना, सञ्चार तथा प्रविधि मन्त्रालय	- सामाजिक विकास मन्त्रालय - आन्तरिक मामिला तथा कानून मन्त्रालय	- स्थानीय तह	- संघका सबै मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघसंस्था, - नागरिक समाज, - सार्वजनिक निकाय, - नीजि क्षेत्र	निरन्तर	- सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन भएको हुने ।
		२. सबै प्रकारका अन्धविश्वास र हिंसा विरुद्ध समुदाय, नागरिक समाज, गैरसरकारी संस्था तथा निगरानी समूह समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाईनेछ ।	- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ -गैर सरकारी संघसंस्था - नागरिक समाज, - स्थानीय तहका सबै सार्वजनिक निकाय, - नीजि क्षेत्र	निरन्तर	- अनुगमन तथा निगरानी प्रभावकारी भएको हुने।

		३.सबै प्रकारका हिंसा निवारण कार्यमा सामाजिक सङ्घ संस्था, नागरिक समाज तथा गैरसरकारी संस्थालाई सक्रिय रूपमा परिचालन गरिनेछ।		-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- स्थानीय तहका सबै सार्वजनिक निकाय, - राष्ट्रिय अपाङ्ग महासंघ -गैर सरकारी संघसंस्था -नागरिक समाज -सामाजिक संघ संस्था	निरन्तर	- सबै प्रकारका हिंसा निवारणका लागि सामाजिक जागरणको अभियान सञ्चालन भएको हुने ।
		४. स्थानीय तहको सक्रियतामा अपाङ्गता सम्बन्धी कानूनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाईनेछ ।	-	-	-स्थानीय तह	- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल - राष्ट्रिय अपाङ्ग महासंघ - स्थानीय तहका सबै सार्वजनिक निकाय।	निरन्तर	- सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएको हुने।
		५. अपाङ्गता भएका व्यक्ति प्रति रहेको सामाजिक सोच र व्यवहारमा परिवर्तन	- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - महिला बालबालिका तथा ज्येष्ठ नागरिक	सामाजिक विकास मन्त्रालय ।	स्थानीय तह	-राष्ट्रिय अपाङ्ग महासंघ - स्थानीय तहका सबै सार्वजनिक	निरन्तर	- सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक

		गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।	मन्त्रालय			निकाय। -गैर सरकारी संघ संस्था		अभियान सञ्चालन भएको हुने ।
		६. अपाङ्गता भएका महिलाहरू माथि हुने विभेद र हिंसा अन्त्यका लागि विशेष सरंक्षण प्रदान गरिनेछ ।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	सामाजिक विकास मन्त्रालय ।	स्थानीय तह	-राष्ट्रिय अपाङ्ग महासंघ - अपाङ्गता भएका महिलाहरुको महासंघ - नागरिक समाज	निरन्तर	- सार्वजनिक सेवा प्रदान गर्न एकीकृत प्रणालीको विकास हुने ।

(घ) **उद्देश्य ४ सँग सम्बन्धितः** सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु

क्र.सं	रणनीति	रणनीतिका क्रियाकलाप	जिम्मेवार निकाय			सहयोगी निकाय	समय सीमा	कार्यसम्पादन सूचक
			संघ	प्रदेश	स्थानीय			
१.	समावेशी शिक्षाको माध्यमबाट अपाङ्गता भएका व्यक्तिलाई सक्षम प्रतिस्पर्धी मर्यादित बनाउने ।	१. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क उच्च शिक्षा सहित ब्रेललिपि र सांकेतिक भाषाका माध्यमबाट निःशुल्क शिक्षाको पहुँच स्थापना गरिनेछ ।	- शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय	- सामाजिक विकास मन्त्रालय	- स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघसंस्था ।	निरन्तर	- निःशुल्क उच्च शिक्षा सहित ब्रेललिपि र सांकेतिक भाषाका माध्यमबाट निःशुल्क शिक्षाको पहुँच स्थापना हुने।
		२. शिक्षा, तालिम, रोजगारीका माध्यमबाट अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण गरिने।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, - शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय - श्रम तथा रोजगार मन्त्रालय	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ -गैर सरकारी संघसंस्था - स्थानीय तहका सामाजिक विकास शाखा,	निरन्तर	- अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण भएको हुने।

		३. अपाङ्गता भएका महिलाहरूलाई लक्षित गरी सशक्तिकरण, आर्थिक उपार्जन र अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ।	- शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय - महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - अपाङ्गता भएका महिलाहरुको महासंघ -गैर सरकारी संघसंस्था	निरन्तर	- सबै प्रकारका हिंसा निवारणका लागि सामाजिक जागरणको अभियान सञ्चालन भएको हुने ।
		४. विशेष कानूनी प्रावधानहरू निर्माण गरेर समुदाय र अभिभावकहरू समेतको सहयोगमा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच स्थापित गरिनेछ ।	- शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय	- सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल - राष्ट्रिय अपाङ्ग महासंघ - स्थानीय तहका सबै सार्वजनिक निकाय।	निरन्तर	- अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच पुगेको हुने।
		५. अपाङ्गता भएका व्यक्तिको व्यावसायिक र गुणस्तरिय उच्चशिक्षामा समान पहुँच स्थापित गर्न	- शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय -	सामाजिक विकास मन्त्रालय ।	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	निरन्तर	- अपाङ्गतामैत्री शिक्षण सिकाइको वातावरण तयार भएको हुने ।

		आवश्यक कानूनी र प्रणालीगत व्यवस्था गरी अपाङ्गतामैत्री शिक्षण सिकाइको वातावरण तयार गरिनेछ ।				- राष्ट्रिय अपाङ्ग महासंघ -CTVET लगायत व्यावसियक तालिक प्रदायक संस्थाहरु		
		६. अपाङ्गता भएका बालबालिका तथा युवालाई गुणस्तरिय शिक्षामा पहुँच पुर्‍याउन शिक्षकहरूको क्षमता विकास, विद्यालय, कलेज र विश्वविद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण लगायत पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन तथा परीक्षा प्रणाली एवम् शैक्षिक सामग्रीहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त बनाइनेछ ।	- शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय	सामाजिक विकास मन्त्रालय ।	स्थानीय तह	- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सहरी विकास मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ -	निरन्तर	- शिक्षकहरूको क्षमता विकास, विद्यालय, कलेज र विश्वविद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण लगायत पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन तथा परीक्षा प्रणाली एवम् शैक्षिक सामग्रीहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भएको हुने ।

		७. अपाङ्गता भएका बालबालिकाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ प्रक्रिया र विद्यालय वातावरण सहज र मैत्रीपूर्ण बनाइनेछ	-शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	निरन्तर	- अपाङ्गता भएका बालबालिकाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ प्रक्रिया र विद्यालय वातावरण सहज र मैत्रीपूर्ण भएको हुने
		८. अपाङ्गता भएका बालबालिकालाई प्रारम्भिक बाल-विकास केन्द्र लगायत विद्यालयसम्मको पहुँच स्थापित गर्न र उनीहरू प्रति सकारात्मक सोच विकास गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ	-शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ	निरन्तर	- चेतनामूलक कार्यक्रमहरू सञ्चालन भएको हुने
		९. समावेशी शिक्षा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई समान रूपमा शिक्षा	-शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	निरन्तर	- कार्क्रम संचालन भएको हुने ।

		दिन सक्ने गरी शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न अभिमुखीकरण, तालिम र अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ				- राष्ट्रिय अपाङ्ग महासंघ		
		१०. अपाङ्गता भएका युवाहरूको मानवीय सीप, व्यावसायिक दक्षता र रोजगारीमूलक सीप विकास गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ	-युवा तथा खेलकूद मन्त्रालय -श्रम तथा रोजगार मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - तालिम प्रदायक संस्थाहरु	निरन्तर	- कार्क्रमहरु संचालन भएको हुने ।
		११. अपाङ्गता भएका व्यक्तिहरूका लागि खेलकूद सम्बन्धी योजना निर्माण, विशेष खेलकुदको विकास र प्रवर्द्धन गर्न सरोकारवाला	- युवा तथा खेलकूद मन्त्रालय । -	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - राष्ट्रिय खेलकूद	निरन्तर	- अपाङ्गता भएका व्यक्तिहरूका लागि खेलकुद सम्बन्धी योजना निर्माण, विशेष खेलकुदको विकास र प्रवर्द्धन भएको

		निकायहरूसँगको समन्वय, सहकार्य र सहयोग अभिवृद्धि गरिनेछ।				परिषद		हुने ।

(ङ) उद्देश्य ५ सँग सम्बन्धितः सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनको लागि पुनर्स्थापना र स्वास्थ्योपचारको व्यवस्था गर्नु

क्र.सं.	रणनीति	रणनीतिका क्रियाकलाप	जिम्मेवार निकाय			सहयोगी निकाय	समय सीमा	कार्यसम्पादन सूचक
			संघ	प्रदेश	स्थानीय			
१.	अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारका सुविधा सहितको पुनस्थापना र स्वास्थ्योपचार लगायत सहायक सामग्रीको व्यवस्था गर्ने ।	१. सार्वजनिक निजी साझेदारीमा विशेष प्रकारको अपाङ्गताको लागि पुनस्थापना सेवा एवम् स्वास्थ्यपचारको व्यवस्था गरिनेछ ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	- सामाजिक विकास मन्त्रालय	- स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघसंस्था ।	निरन्तर	- पुनस्थापना सेवा र आवश्यक स्वास्थ्यपचारको व्यवस्था पुगको हुने।
		२. अपाङ्गता भएका महिलाहरूका लागि सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य लगायत महिला स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम एवं विद्यमान स्वास्थ्य सेवाहरूलाई पहुँचयुक्त बनाइनेछ।	- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, - राष्ट्रिय अपाङ्ग महासंघ	निरन्तर	- सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य लगायत महिला स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम एवं विद्यमान स्वास्थ्य सेवा अपाङ्गता भएका महिलाका लागि पहुँचयुक्त भएको हुने ।

		३. पूर्ण अशक्त, अति अशक्त, अटिज्म डाउन सिन्ड्रोम बौद्धिक अपाङ्गता भएका तथा नदेखिने अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको सेवा र सुविधा उपलब्ध हुने व्यवस्था गरिनेछ ।	- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, - स्वास्थ्य संस्थाहरु - राष्ट्रिय अपाङ्ग महासंघ	निरन्तर	- स्वास्थ्य सेवाहरु उपलब्ध भएको हुने ।
		४. पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका लागि सातै प्रदेशमा सवै प्रकारका सुविधा सहितको अपाङ्गता ग्राम स्थापना गरी सञ्चालन गरिनेछ ।	- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल	- सामाजिक विकास मन्त्रालय		- अर्थ मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ	निरन्तर	- सवै प्रदेशमा अपाङ्गता ग्राम निर्माण भएको हुने।
		५. स्थानीयस्तरमा रहेका अस्पताल र स्वास्थ्यचौकीहरूमा थेरापी, शारीरिक तथा	- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -		स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	निरन्तर	- अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा भौतिक संरचना

		मानसिक क्रियाशीलतामा अभिवृद्धि गराउन आवश्यक पर्ने पुनर्स्थापना तथा अभ्यस्तता (Rehabilitation & Habilitation) सम्बन्धी सेवाहरू लिन अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा भौतिक संरचना र सेवाहरू पूर्ण रूपमा अपाङ्गतामैत्री बनाइनेछ ।				- राष्ट्रिय अपाङ्ग महासंघ		र सेवाहरू पूर्ण रूपमा अपाङ्गतामैत्री भएको हुने ।
		६. बौद्धिक अपाङ्गता, मस्तिष्क पक्षाघात, मनोसामाजिक अपाङ्गता, हेमोफिलिया, अटिज्म, डाउन सिन्ड्रोम र छारेरोगबाट प्रभावित व्यक्तिहरूले निरन्तर	- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ -	निरन्तर	- स्वास्थ्य सेवा, औषधी र सहायक सामाग्रीहरु उपलब्ध भएको हुने ।

		सेवन तथा प्रयोग गर्नुपर्ने औषधि तथा उपकरणहरू स्पाइनल कर्ड इन्ज्युरी भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने युरिन ब्याग, क्याथेटर र उनीहरूले निरन्तर सेवन गर्नुपर्ने औषधिहरू उपलब्ध गराइनेछ ।						
		७. अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सबै तहमा अपाङ्गतामैत्री संरचना र सयन्त्रको विकास गरिनेछ।	- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सहरी विकास मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ	निरन्तर	- अपाङ्गतामैत्री संरचना र सयन्त्रको विकास भएको हुने ।
		८. अपाङ्गता भएका व्यक्तिहरूका लागि	- स्वास्थ्य तथा जनसंख्या	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका	निरन्तर	- निःशुल्क स्वास्थ्य विमा र योगदानमा

		निःशुल्क स्वास्थ्य बिमा तथा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा संलग्न गरिनेछ।	मन्त्रालय - गृह मन्त्रालय			तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ -		आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन भएको हुने ।

(च) उद्देश्य ६ सँग सम्बन्धितः भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्नु

क्र.सं.	रणनीति	रणनीतिका क्रियाकलाप	जिम्मेवार निकाय			सहयोगी निकाय	समय सीमा	कार्यसम्पादन सूचक
			संघ	प्रदेश	स्थानीय			
१.	भौतिक संरचना यातायात सूचना तथा सञ्चार र प्रविधि अपाङ्गतामैत्री बनाउने ।	१. अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापन सहज बनाउन सहायक सामग्री उत्पादनको व्यवस्था मिलाई आवागमनलाई सरल र व्यवस्थित गरिनेछ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	- सामाजिक विकास मन्त्रालय	- स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघसंस्था ।	निरन्तर	- सहायक सामग्री उत्पादन तथा वितरणको व्यवस्था हुने।
		२. सवै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सेवा सुविधा अपाङ्गतामैत्री बनाई दैनिक क्रियाकलाप गर्न सरल हुने बातावरण निर्माण गरिनेछ ।	- सवै संघिय मन्त्रालयहरु -	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - नागरिक समाज - गैर सरकारी संघ संस्था	निरन्तर	- अपाङ्गता भएका व्यक्तिलाई दैनिक क्रियाकलाप गर्न सरल भएको हुने ।

		३. आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक संरचनाहरु र सार्वजनिक सडक यातायात अपाङ्गता भएका व्यक्ति लगायत सबैको लागि पहुँचयुक्त बनाइनेछ ।	- सहरी विकास मन्त्रालय भौतिक पूर्वाधार मन्त्रालय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	-भौतिक पूर्वाधार मन्त्रालय उद्योग पर्यटन तथा वन मन्त्रालय		- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, - सामाजिक विकास मन्त्रालय - सार्वजनिक निकायहरु	निरन्तर	- अपाङ्गता भएका व्यक्तिका लागि भौतिक पूर्वाधारहरु पहुँचयोग्य भएको हुने ।
		४. सार्वजनिक भौतिक संरचना पूर्वाधार तथा यातायातका साधन अपाङ्गतामैत्री बनाइनेछ ।	- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सहरी विकास मन्त्रालय	- भौतिक पूर्वाधार मन्त्राल - मन्त्रालय	स्थानीय तह	- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल - सामाजिक विकास मन्त्रालय	निरन्तर	- सार्वजनिक भौतिक संरचना पूर्वाधार तथा यातायातका साधन अपाङ्गतामैत्री भएको हुने।
		५. विद्यालय र विश्वविद्यालय लगायतका सरकारी भवन लगायतलाई पहुँचयुक्त बनाइनेछ	- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	- -सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल - राष्ट्रिय अपाङ्ग		- सरकारी विद्यालयहरु पहुँचयुक्त भएको हुने ।

						महासंघ		
		६. आमसञ्चार सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था गरिनेछ ।	- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -	आन्तरिक मामिला तथा कानून मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ	निरन्तर	- आमसञ्चार सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित हुने ।
		७. भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार प्रविधिमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गरिनेछ ।	- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	भौतिक पूर्वाधार मन्त्रालय आन्तरिक मामिला तथा कानून मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - सामाजिक विकास मन्त्रालय	निरन्तर	- भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार प्रविधिमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच पुगेको हुने ।
		८. नेपाली साङ्केतिक भाषाको साझा शब्दकोष तयार गरी सार्वजनिक टेलिभिजनबाट प्रसारण	- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मन्त्रालय			- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग	निरन्तर	- सूचनाहरु साङ्केतिक भाषामा प्रसारण एवं सबटाइटल र क्याप्सनको प्रयोग भएको हुने ।

		हुने सूचनाहरूलाई सकेसम्म साङ्केतिक भाषामा प्रसारण गर्न एवं सबटाइटल र क्याप्सन प्रयोगको व्यवस्था मिलाइने छ।				महासंघ		
		९. सडक वा किनारमा राखिने सार्वजनिक सरोकारका भौतिक सामग्री (टेलिफोन बुथ, आराम गर्ने ठाउँ, सडकमा लगाइने बिरुवा, सडक पेटीमा लगाइने रेलिङ, सवारी प्रतीक्षालय, बिजुली तथा टेलिफोनका पोल, तार, सूचनापाटी आदि) निश्चित मापदण्ड बनाई अपाङ्गतामैत्री ढङ्गबाट निर्माण तथा सञ्चालन गरिनेछ।	- भौतिक पूर्वाधार मन्त्रालय - विषयसँग सम्बन्धित संघिय मन्त्रालयहरु	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - सहरी विकास मन्त्रालय	निरन्तर	- मापदण्ड तर्जुमा भई कार्यान्वयनमा आएको हुने ।

		१०. सार्वजनिक सेवासँग सम्बन्धित सूचना तथा सञ्चारलाई अपाङ्गतामैत्री बनाइनेछ।	- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	आन्तरिक मामिला तथा कानून मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघ संस्था	निरन्तर	- सूचना तथा सञ्चार क्षेत्र अपाङ्गतामैत्री भएको हुने।
		११. स्थानीय तहसम्म साङ्केतिक भाषाको तालिम प्रदान गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघ संस्था	निरन्तर	- साङ्केतिक भाषाको लागि विशेष कार्यक्रम सञ्चालन भएको हुने ।
		१२. शौचालय, चमेनागृह, पुस्तकालय, पार्किङ, बैठक कक्ष, सम्मेलन कक्ष लगायतका सार्वजनिक कार्यस्थलसँग सम्बन्धित सुविधाहरूलाई अपाङ्गतामैत्री	- शहरी विकास मन्त्रालय		स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - सार्वजनिक निकायहरु	निरन्तर	- सार्वजनिक कार्यस्थलहरु अपाङ्गतामैत्री भएको हुने ।

		बनाइनेछ।						
		१३. धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय, खेलकुद र मनोरञ्जनका संरचना तथा विश्राम स्थलहरूलाई पहुँचयुक्त बनाइनेछ	- संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - युवा तथा खेलकूद मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ - सार्वजनिक निकायहरु	निरन्तर	- धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय, खेलकुद र मनोरञ्जनका संरचना तथा विश्राम स्थलहरूमा अपाङ्गता भएका व्यक्तिको पहुँच पुगेको हुने।

(छ) उद्देश्य ७ सँग सम्बन्धितः कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्नु

क्र.सं.	रणनीति	रणनीतिका क्रियाकलाप	जिम्मेवार निकाय			सहयोगी निकाय	समय सीमा	कार्यसम्पादन सूचक
			संघ	प्रदेश	स्थानीय			
१.	कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्ने ।	१. सङ्घ, प्रदेश तथा स्थानीय तहमा अपाङ्गतामैत्री नीति, योजना तथा कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	- सामाजिक विकास मन्त्रालय	- स्थानीय तह	- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - राष्ट्रिय अपाङ्ग महासंघ - ।	निरन्तर	- अपाङ्गतामैत्री नीति, योजना तथा कानून तर्जुमा भई कार्यान्वयन आएको हुने ।
		२. सङ्घ, प्रदेश र स्थानीय तहमा अपाङ्गतामैत्री नीति कार्यान्वयन गर्न सम्बन्धित शासकीय तहको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ - गैर सरकारी संघ संस्था	निरन्तर	- तीनै तहमा शासकीय क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भएको हुने।

		३. सङ्घ, प्रदेश तथा स्थानीय तहमा कानून निर्माण तथा कार्यान्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई अभिमुखीकरण गरिनेछ ।	- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल -	-सामाजिक विकास मन्त्रालय	-स्थानीय तह	- राष्ट्रिय अपाङ्ग महासंघ	निरन्तर	- अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने ।
		४. सबै विषयका क्षेत्रगत सार्वजनिक नीतिमा अपाङ्गता भएका व्यक्तिका विषयलाई समावेश गरी कार्यान्वयनमा ल्याईनेछ ।	- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	- सामाजिक विकास मन्त्रालय		- राष्ट्रिय अपाङ्ग महासंघ	निरन्तर	- सबै प्रदेशमा अपाङ्गता ग्राम निर्माण भएको हुने।
		५. सार्वजनिक निकायमा रहेका अपाङ्गता सम्पर्क व्यक्तिको भूमिकालाई क्षेत्रगत नीति निर्माण तथा नीति कार्यान्वयनको	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- सरकारी निकायहरु	निरन्तर	- अनुगमनमा प्रभावकारी भएको हुने ।

		अनुगमनमा प्रभावकारी बनाउन प्रशिक्षित गरिनेछ।						
		६. राष्ट्रिय गणना तथा सर्वेक्षणमा गरिने खण्डीकृत अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलन र विश्लेषणलाई आवधिक योजना र दिगो विकासका लक्ष्यको प्रगति विश्लेषण समेत गर्न सकिने गरी तथ्यमा आधारित बनाइनेछ ।	- केन्द्रिय तथ्याङ्क विभाग - राष्ट्रिय योजना आयोग		स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ -	निरन्तर	- ।
		७. अपाङ्गतामैत्री सूचना व्यवस्थापन प्रणालीको विकास गरी सङ्घ, प्रदेश तथा स्थानीय तहसम्म विस्तार गरिनेछ। यस्तो प्रणालीलाई अनलाईन	- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रिय अपाङ्ग महासंघ -	निरन्तर	- अपाङ्गतामैत्री सूचना व्यवस्थापन प्रणालीको विकास गरी सूचनामा सहज रुपमा उपलब्ध हुने ।

		रूपमा विकास गरी अद्यावधिक गर्ने र सबै सरोकारवालाको अपाङ्गतामैत्री सूचनामा सहज पहुँचको व्यवस्था मिलाइनेछ ।						
		८. सार्वजनिक क्षेत्रमा हुने नियुक्तिमा अपाङ्गता भएका व्यक्तिको समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन गरिनेछ ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- सबै सार्वजनिक निकायहरु - राष्ट्रिय अपाङ्ग महासंघ -	निरन्तर	- समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन आएको हुने ।
		९. सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्ने र निजी क्षेत्रका सेवा प्रवाहलाई	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- सबै सार्वजनिक निकायहरु - राष्ट्रिय अपाङ्ग महासंघ - निजी क्षेत्र - नागरिक समाज -	निरन्तर	- सेवा प्रवाह अपाङ्गता मैत्री भएको हुने ।

		अपाङ्गतामैत्री बनाउन प्रोत्साहन गरिनेछ ।						
		१०. बहुविभेदमा परेका अपाङ्गता भएका सीमान्तकृत, अल्पसङ्ख्यक वर्ग र अपाङ्गता भएका महिलालाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ ।	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- सबै सार्वजनिक निकायहरु - राष्ट्रिय अपाङ्ग महासंघ - निजी क्षेत्र - नागरिक समाज	निरन्तर	- बहुविभेदमा परेका अपाङ्गता भएका सीमान्तकृत, अल्पसङ्ख्यक वर्ग र अपाङ्गता भएका महिलालाई विशेष व्यवस्था भएको हुने।
		११. संघिय, प्रादेशिक र स्थानीय सरकार तथा गैर सरकारी सरोकारवालाहरू बीच प्रभावकारी सहकार्य स्थापितगरिनेछ	- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	सामाजिक विकास मन्त्रालय	स्थानीय तह	- सबै सार्वजनिक निकायहरु	निरन्तर	- प्रभावकारी सहकार्य स्थापित भएको हुने ।

परिच्छेद-४

कार्ययोजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

१. कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन तीन तहका सरकार, विकास साझेदार, गैर सरकारी संस्था, विभिन्न समूह, क्लब, संगठन नागरिक समाज तथा सरोकारवालासँगको समन्वयमा गरिनेछ । सोही बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्न संघ प्रदेश र स्थानीय तहमा कानून अनुसार गठित समिति रहनेछ ।

(१) यो राष्ट्रिय कार्ययोजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि स्थानीय तह र प्रदेश सरकारसँग समन्वय तथा सहजीकरण गर्न, कार्ययोजना कार्यान्वयनको अनुगमन तथा मूलप्रवाहीकरण गर्न र कार्ययोजनामा समसामयिक सुधार लगायत कार्यान्वयनमा सहजीकरण गर्न ऐनको दफा ३८ बमोजिमको अपाङ्गता राष्ट्रिय निर्देशन समितिले कार्य गर्नेछ ।

(२) <u>समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>

(क) कार्ययोजनाको उद्देश्य बमोजिम मन्त्रालय/निकायका नीति, योजना तथा वार्षिक कार्यक्रममा मूलप्रवाहीकरण र समन्वय गर्ने,

(ख) सहायक सामग्री उत्पादन तथा वितरणको लागि समन्वय र सहजीकरण गर्ने,

(ग) कार्ययोजना कार्यान्वयनमा देखिएका समस्या सममाधान गर्न सहजीकरण गर्ने,

(घ) प्रदेश तथा स्थानीय तहबाट भए गरेका कार्यहरूको विवरण प्राप्त गर्ने,

(ङ) अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण, क्षमता एवम् सीप विकास सम्बन्धी सञ्चालित कार्यक्रमको नियमित रूपमा अनुगमन गर्ने,

(च) यस कार्ययोजनाको कार्यान्वयनको साढे दुई वर्षमा मध्यावधि मूल्याङ्कन गराउने,

(छ) समितिले आवश्यकता अनुसार नीति/ मापदण्ड तयार गर्ने,

(३) प्रदेशमा कार्ययोजना कार्यान्यवनको अनुगमन तथा मूल्याङ्कन र समन्वयका लागि ऐनको दफा ४१ बमोजिमको प्रदेशस्तरको समितिले कार्य गर्नेछ ।

(४) <u>प्रदेशस्तर समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>

(क) कार्ययोजनामा रहेका प्रावधानलाई प्रदेशका नीति, योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गरी कार्यान्वयनमा ल्याउने,

(ख) अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(ग) प्रदेश समितिले संघ र स्थानीय तहसँगको कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कन कार्यमा समन्वय गर्ने,

(घ) अपाङ्गताको क्षेत्रमा प्रदेशस्तरमा सञ्चालित कार्यक्रमहरूको नियमित रूपमा अनुगमन गरी प्रगति प्रतिवेदन मन्त्रालयलाई पठाउने,

(ङ) मध्यावधि मूल्याङ्कनमा सहयोग, समन्वयमा सहजीकरण गर्ने,

(च) आवश्यकतानुसार नीति, नियम/मापदण्ड तयार गर्ने,

(छ) आवश्यकतानुसार बैठक आयोजना गर्ने।

(५) स्थानीय तहमा कार्ययोजनाको प्रभावकारी कार्यन्वयन र समन्वयको लागि ऐनको दफा ४२ बमोजिमको स्थानीय समन्वय समितिले व्यवस्था गर्नेछ ।

(६) **<u>स्थानीय तहको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>**

(क) कार्ययोजनामा रहेका प्रावधानहरूलाई स्थानीय तहका नीति, योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गरी कार्यान्वयनमा ल्याउने,

(ख) अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(ग) प्रदेशस्तर समितिले संघ र स्थानीय तहको कार्यान्वयन, समन्वय अनुगमन तथा मूल्याङ्कन कार्यमा समन्वय गर्ने,

(घ) अपाङ्गता भएको व्यक्तिका लागि सञ्चालित कार्यक्रमहरूको नियमित रूपमा अनुगमन गर्ने,

(ङ) स्थानीय तहमा भए गरेका कार्यहरूको अद्यावधिक विवरण चौमासिक रूपमा मन्त्रालयमा पठाउने,

(च) मध्यावधि मूल्याङ्कनको समयमा आवश्यक सहयोग गर्ने,

(छ) आवश्यकतानुसार मापदण्ड तयार पार्ने,

(ज) आवश्यकतानुसार बैठक आयोजना गर्ने।

(७) प्रदेश तथा स्थानीय तहका समितिले यस कार्ययोजनाको कार्यान्वयनका लागि योजना र कार्यक्रमलाई अपाङ्गतामैत्री बनाउन तथा अपाङ्गता भएका व्यक्तिको क्षमता विकास, सशक्तिकरण र सहभागिता अभिवृद्धिका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्नेछन् ।

परिच्छेद-५

अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित निकायहरूको भूमिका

क्र.स.	निकाय	भूमिका
१.	**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**	१. राष्ट्रिय कार्ययोजनाको आधारमा कार्यक्रम तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने, गराउने । २. अपाङ्गता भएका व्यक्तिको हक हितको लागि तीन तहका सरकार र सरोकारवालाहरूका बीच साझा बुझाई कायम गर्न समन्वय, सहयोग र पैरवी गर्ने। ३. प्राविधिक तथा वित्तीय साधन स्रोतको पर्याप्त विनियोजनको व्यवस्थाको लागि पहल गर्ने । ४. प्रदेश तथा स्थानीय तह, सार्वजनिक तथा नीजि क्षेत्रलाई अपाङ्गताको क्षेत्रसँग सम्बन्धीत नीति, योजना तथा कार्यक्रममा आन्तरिकीकरण गर्दै मूलप्रवाहीकरणका लागि समन्वय गर्ने । ५. अपाङ्गता भएका व्यक्तिको हक अधिकार सम्बन्धी नीति नियम कार्यान्वयन गर्ने अपाङ्गताको क्षेत्र हेर्ने सम्पर्क व्यक्ति तोक्ने र तोकिएका व्यक्ति तथा अन्य सहयोगीहरूलाई क्षमता अभिवृद्धि तालीम तथा सकारात्मक सोच विकास गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने। ६. अपाङ्गताका क्षेत्रमा भएका प्रयासहरू र प्राप्त उपलब्धिहरू एकीकृत गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिवेदन गर्ने।
२.	**अर्थ मन्त्रालय**	१. अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गर्ने । २. अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण र क्षमता विकास सम्बन्धी कार्यका लागि आवश्यकतानुसार आर्थिक/प्राविधिक सहयोग उपलब्ध गराउन दातृ निकायहरूसँग सहजीकरण गर्ने । ३. अपाङ्गता भएका व्यक्तिको कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको व्यवस्थापनमा जोड दिने ।
३.	**स्वास्थ्य तथा**	१. समानता र सामाजिक समावेशीकरणको मान्यता अनुरूप

	जनसंख्या मन्त्रालय	स्वास्थ्यसँग सम्बन्धित दिगो विकासका कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको सहभागितालाई सुनिश्चित गर्ने। २. स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा आवश्यकतानुसार अपाङ्गता भएकाका महिलाको स्वास्थ्यसँग सम्बन्धी असर, गर्भधारणको प्रभाव तथा महिनावारीमा गर्नुपर्ने सरसफाई व्यवस्थापन सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरू समावेश गर्ने । ३. अपाङ्गता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र हिंसा तथा अन्यायमा परेकाहरूलाई मनोसामाजिक परामर्श तथा विमर्श सेवा प्रदान गर्ने र सञ्चालनमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्रको सुदृढीकरण गर्ने । ४. जीवनचक्रको अवधारणा अनुरूप सबै उमेर समूहका अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी मातृ शिशु, बालबालिका र किशोर किशोरीको सर्वाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार गर्ने । ५. अपाङ्गतामैत्री स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्ने ।
४.	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	१. प्रदेश तथा स्थानीय तहमा अपाङ्गता भएका बालबालिकालाई आवश्यक पाठ्यसामग्रीहरू सहित अध्ययन अध्यापन गराउने व्यवस्थापन गर्ने। २. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क उच्च शिक्षा सहित ब्रेललिपि र सांकेतिक भाषाका माध्यमबाट निःशुल्क शिक्षाको व्यवस्थापन गर्ने। ३. अपाङ्गता भएका बालबालिकाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ प्रक्रिया र विद्यालय वातावरण सहज र मैत्रीपूर्ण बनाउने । ४. अपाङ्गता भएका युवाहरूको मानवीय सीप, व्यावसायिक दक्षता र रोजगारीमूलक सीप विकास गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने । ५. विशेष कानूनी प्रावधानहरू निर्माण गरेर समुदाय र अभिभावकहरू समेतको सहयोगमा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकाकाहरुलाई विद्यालयमा पठन पाठनका लागि ल्याउने ।
५.	**गृह मन्त्रालय**	१. सामाजिक सुरक्षा भत्ताको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्यवनमा ल्याउने ।

		२. अनुसन्धान प्रणालीलाई अपाङ्गतामैत्री बनाउने । ३. सबै प्रकारका अपाङ्गता भएका महिलामाथि हुने हिंसालाई निरूत्साहित गर्ने र कानूनी राज्यको प्रत्याभूति गराउने । ४.
६.	**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।**	१. सबै स्थानीय तहमा अपाङ्गता भएको व्यक्ति राष्ट्रिय कार्ययोजना कार्यन्वयनका लागि नीति, योजना तथा कार्यक्रममा आन्तरीकिकरण गर्दै मूलप्रवाहीकरणका लागि सहयोग समन्वय गर्ने । २. सबै स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको सामाजिक रूपान्तरण र आर्थिक सशक्तीकरणका विषयहरूमा तालीम तथा सिकाईहरू सञ्चालन गर्न सहयोग र समन्वय गर्ने । ३. अपाङ्गता भएका व्यक्ति माथि गरिने दुरव्यवहार र हिँसाको अन्त्यको लागि स्थानीय तहमा सामाजिक सचेतना र अभियान सञ्चालनका लागि आवश्यक समन्वय र सहयोग गर्ने ।
७.	**युवा तथा खेलकूद मन्त्रालय**	१. अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष खेलकुदको विकास र प्रवर्द्धन गर्न सरोकारवाला निकायहरूसँगको समन्वय, सहकार्य र सहयोग गर्ने । २. खेलकुद सम्बन्धी योजना निर्माण र निर्णय प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहभागि गराउने ।
८.	**कानून न्याय तथा संसदीय मामिला मन्त्रालय**	१. अपाङ्गता भएका व्यक्तिप्रति गरिने सबै विभिन्न प्रकारको अन्धविश्वास विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गर्ने कानूनहरूको व्यापक रूपले सामाजिकीकरण गराउँदै निरन्तर रूपमा स्थानीय तहसम्म बहस, पैरवी र अन्तर्क्रिया गराउने । २. सामाजिक न्याय र समानता कायम गराउने कानून तथा नीति निर्माणमा अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच पुग्ने गरी कानून निर्माण र संशोधन गर्ने । ३. अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसा र विभेदको विरुद्ध स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने । ४. अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसाको अन्त्य गर्न स्थानीय तहको सक्रियतामा कानूनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाउने ।

९.	**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**	१. आमसञ्चार सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच पुर्‍याउने । २. नेपाली साङ्केतिक भाषाको साझा शब्दकोष तयार गरी सार्वजनिक टेलिभिजनबाट प्रसारण हुने सूचनाहरूलाई सकेसम्म साङ्केतिक भाषामा प्रसारण गर्न एवं सबटाइटल र क्याप्सन प्रयोगको व्यवस्था मिलाउने । ३. सार्वजनिक सेवासँग सम्बन्धित सूचना तथा सञ्चारलाई अपाङ्गतामैत्री बनाउने । ४. स्थानीय तहसम्म साङ्केतिक भाषाको तालिम प्रदान गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।
१०.	**राष्ट्रिय योजना आयोग**	१. दिगो विकासका लक्ष्य अनुसार अपाङ्गता भएका व्यक्तिका विषयहरूमा राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रतिवेदन लिने। २. सबै मन्त्रालयहरूलाई अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय कार्ययोजना कार्यन्वयनका लागि बजेट, कार्यक्रम र क्रियाकलाप समावेश गर्न मार्ग निर्देशन गर्ने ।
११.	**विकास साझेदार**	१. अपाङ्गता भएका व्यक्तिको हक अधिकार र सशक्तिकरणको लागि तीन तहका सरकारले गरेका प्रयासहरूक लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने । २. अपाङ्गता भएका व्यक्तिको क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रममा निरन्तर सहयोग गर्ने ।
१२.	**गैर सरकारी /सहकारी संघसंस्था**	१. स्थानीय सरकारसँगको समन्वयमा अपाङ्गता भएका व्यक्ति प्रति रहेको सोचाईमा सामाजिक सचेतना अभिवृद्धि गर्ने । २. सामाजिक रूपान्तरणका लागि अपाङ्गता भएका महिलाहरूको आर्थिक सशक्तीकरणमा सहयोग गर्ने । ३. अपाङ्गता भएका व्यक्तिलाई उद्धार, राहत, पूनर्स्थापना, कानूनी सहायता, मनोसामाजिक परामर्श आदिमा सहयोग गर्ने ।
१३.	**नीजि क्षेत्र**	१. सबै प्रकार अपाङ्गता भएका व्यक्तिका लागि संचालित सरकारका अभियानहरूमा साथ र सहयोग दिने । २. अपाङ्गता भएका व्यक्तिको आर्थिक र सामाजिक सशक्तिकरण गर्ने कार्यक्रमहरूलाई आफ्ना नीति, योजना, बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गर्ने । ३. सामाजिक उत्तरदायित्व निर्वाह गर्ने ।

१४.	**नागरिक समाज**	१. अपाङ्गता भएका व्यक्ति विरुद्धका कार्यमा सामाजिक जागरण ल्याउन पैरवी र सचेतनाका कार्यक्रम सञ्चालन गर्ने । २. अपाङ्गता भएका व्यक्तिमाथि हुने हिँसा र विभेदको जोखिममा रहेका समाजलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्ने । ३. अपाङ्गता भएका व्यक्तिको विकासका लागि गर्ने कार्यमा सरकार, विकास साझेदार, नीजि क्षेत्र, गैर सरकारी संस्थासँग सहकार्य गर्ने ।

परिच्छेद-६

कार्ययोजनाको सीमा र अपेक्षित उपलब्धि र प्रतिवेदन सम्बन्धी

१. कार्ययोजनाको सीमाः

मूल रूपमा, प्रस्तुत कार्ययोजना नेपालको संविधानमा उल्लेख गरिएका व्यवस्थाहरु कार्यान्वयन ल्याउनको लागि क्षेत्रगत विषयको व्यावहारिक अभ्यासको रुपमा तयार गरिएको हो। संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण तथा प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी दिगो शान्ति, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाजको निर्माण गर्ने संकल्प लिएको छ ।

त्यसैले प्रस्तुत कार्ययोजना तयार गर्दा स्रोत र साधनको उपलव्धता, मानव अधिकार सम्बन्धी संवैधानिक व्यवस्था, मौजुदा कानूनी व्यवस्था, नीति, रणनीति, पन्ध्रौ आवधिक योजना एवम् दिगो विकासको लक्ष्य समेतका विषयलाई दृष्टिगत गरिएको छ। प्रस्तुत कार्ययोजनामा अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण, सशक्तिकरण र विकासका विषयहरूलाई समेटिएको छ।

प्रस्तुत कार्ययोजनालाई अन्य कार्ययोजनाको परिपूरकका रूपमा लिई कार्यान्वयन गर्नु पर्ने हुन्छ। प्रस्तुत कार्ययोजना नेपाल पक्ष भएको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी, एशिया तथा प्रशान्त क्षेत्रको इन्चोन रणनीति लगायत र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरू र संविधानले प्रत्याभूत गरेका समानतासम्बन्धी हकहरूको कार्यान्वयनको दस्तावेज हो। कार्ययोजनाका उद्देश्यहरू एवम् तिनको आधारमा निर्धारित रणनीति तथा कार्यनीतिलाई कार्यान्वयन गर्नको लागि स्रोत र साधनको व्यवस्था गर्ने दायित्व सम्बन्धित जिम्मेवार निकाय एवम् सहयोगी निकायको हुनेछ।

२. अपेक्षित उपलब्धि

(क) अपाङ्गता भएका व्यक्तिको जीवनस्तरमा सुधार आएको हुने ।

(ख) रोजगारीका अवसरहरुको सिजृना हुने।

(ग) अपाङ्गता भएका व्यक्ति माथि हुने सबै प्रकारका विभेद र हिंसा न्यूनिकरण भएको हुने ।

(घ) अपाङ्गता भएका व्यक्तिको हक अधिकार र सशक्तिकरण गर्न निर्माण भएका कानून प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने।

(ङ) सार्वजनिक तथा नीजि क्षेत्र एवम् सामाजिक जीवनका सबै पक्षमा मानव अधिकारको सम्मान गर्ने संस्कृतिको विकास भएको हुने।

(च) आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका एवम् पारिएका अपाङ्गता भएका व्यक्तिको संरक्षण र सशक्तीकरण भएको हुने।

३. अपाङ्गता भएका व्यक्तिको कार्ययोजनाको प्रगति प्रतिवेदनको ढाँचा

(क) सामाजिक सशक्तीकरण कार्यक्रम

क्र.सं.	कार्यक्रम	समयावधि	सहभागी संख्या	लागत	अपेक्षा	उपलब्धि	कैफियत

(ख) आर्थिक सशक्तीकरण सम्बन्धी कार्यक्रम

क्र.सं.	कार्यक्रम	कार्यक्रमको उद्देश्य	कार्यक्रमको ढाँचा	उपलब्धि	लागत	उपलब्धि	कैफियत

(ग) कार्ययोजना कार्यान्वयन पश्चातको उपलब्धि

क्रम संख्या	विगतको अवस्था	कार्यान्वयनको अवस्था	लागत	साढे दुई वर्षको उपलब्धि	सामाजिक प्रभाव	जिम्मेवार निकायको भनाइ	कैफियत